# भीमेश्वर नगरपालिका

# दोलखा जिल्ला, प्रदेश नं. ३

## सडक तथा सार्वजनिक मापदण्ड निर्धारण ऐन, २०७४

प्रमाणीकरण मिति : २०७५।०१।७

संशोधन गर्ने ऐन

सडक तथा सार्वजनिक मापदण्ड निर्धारण (पहिलो संशोधन) ऐन, २०७५ प्रमाणीकरण मिति : २०७५।०३।२४

प्रस्तावना :

भीमेश्वर नगरपालिका क्षेत्रभित्र रहेका सडक र नयाँ बन्ने सडकलाई सहज आवागमन योग्य बनाउने, सडक एवम् जलाधार क्षेत्र वरिपरि हुने निजी तथा सार्वजनिक पूर्वाधार निर्माणलाई व्यवस्थित एवम् स्थापित नगर मापदण्डअनुरुप बनाउने, सडकहरुको निर्माण, मर्मत सम्भार, विस्तार र स्तरोन्नति गर्ने विधि बनाउन वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ समेतलाई ध्यानमा राखी यो ऐन बनेको छ।

### परिच्छेद १

### प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम 'सडक तथा सार्वजनिक मापदण्ड निर्धारण ऐन, २०७४' रहेको छ।

(२) यो ऐन भीमेश्वर नगरपालिका क्षेत्रभित्र तुरुन्त प्रारम्भ हुने छ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :-

(क) 'कार्यपालिका' भन्नाले भीमेश्वर नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ।

(ख) 'खोला तथा खोल्सी' भन्नाले सार्वजनिक रुपमा नियमित तथा वर्षायाममा पानी बग्ने स्थानलाई सम्झनु पर्छ।

(ग) 'गोरेटो बाटो' भन्नाले परम्परागत रुपमा प्रयोग गर्ने नक्सामा भएको बाटो र परम्परागत रुपमा हिड्ने गरिएको तर नक्सामा नभएका गोरेटो बाटो समेतलाई सम्झनु पर्छ।

(घ) 'चक्रपथ' भन्नाले नगरलाई परिक्रमा हुने गरी निर्माण हुने सडकलाई सम्झनु पर्छ।

(ङ) 'टोलस्तरीय सडक' भन्नाले एक किलोमिटर सम्म लम्बाई भएको सडकलाई सम्झनुपर्छ।

(च) 'धार्मिक तथा सांस्कृतिक क्षेत्रको सडक' भन्नाले मूल सडकदेखि धार्मिक तथा सांस्कृतिक क्षेत्रसम्मको पहुँच मार्गलाई सम्झनु पर्छ।

(छ) 'नगरस्तरीय सडक' भन्नाले नगरपालिका र गाउँपालिकालाई जोड्ने सडकलाई सम्झनु पर्छ।

(ज) 'प्रमुख' भन्नाले भीमेश्वर नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ।

(झ) 'प्रमुख प्रशासकीय अधिकृत' भन्नाले भीमेश्वर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(ञ) 'प्राकृतिक स्रोत' भन्नाले पानी, ढुङ्गा, बालुवा जस्ता प्रकृतिले दिएको स्रोतलाई सम्झनु पर्छ।

(ट) 'प्रादेशिक सडक' भन्नाले नगरपालिका क्षेत्र भित्र निर्माण भएको प्रदेश मातहतको सडकलाई सम्झनु पर्छ।

(ठ) 'फासला ' (Set Back) भन्नाले सडकको किनारबाट छोडिने जग्गा भन्ने सम्झनु पर्छ।

(ड) 'राजकुलो तथा कुलो' भन्नाले नक्सामा भएको र परम्परागत रुपमा चलिरहेको पानी बग्ने कुलो सम्झनु पर्छ।

(ढ) 'राष्ट्रिय राजमार्ग' भन्नाले नगरपालिका क्षेत्रभित्र जोडिएका नेपाल सरकारले निर्माण गरेका राष्ट्रिय सडकलाई सम्झनु पर्छ।

(ण) 'वडास्तरीय सडक' भन्नाले वडा क्षेत्र भित्र रहेका एक किलोमिटर देखी सात किलोमिटर लम्बाई सम्मको सडकलाई सम्झनु पर्छ।

(त) 'सहरी सडक' भन्नाले बजार क्षेत्रभित्रका सडक भन्ने बुझिन्छ र यो शब्दले नगरपालिकाद्वारा चार किल्ला तोकी सहरी सडक नामकरण गरी निर्णय गरेका सडक समेतलाई सम्झनु पर्छ।

(थ) 'सडक सिमा' भन्नाले नगर सडकको चौडाईलाई सम्झनु पर्छ ।

(द) 'सडकको क्षेत्राधिकार' भन्नाले सडकको स्वामित्व भएको भूभागलाई सम्झनु पर्छ ।

(ध) 'सहायक सडक' भन्नाले मुख्य सडकबाट बस्तीसम्म जाने पाँच सय मिटर सम्मको सडकलाई सम्झनु पर्छ ।

## परिच्छेद २
## सडक क्षेत्रको वर्गीकरण, क्षेत्राधिकार र फासला

३. **सडकको क्षेत्राधिकार :** (१) सडकको क्षेत्राधिकार देहाए बमोजिम हुने छ ।

(क) नगर स्तरीय सडकको क्षेत्राधिकार (RoW) सात मिटर चौडा हुने छ ।

(ख) वडास्तरीय सडकको क्षेत्राधिकार (RoW) पाँच मिटर चौडा हुने छ ।

(ग) टोलस्तरीय सडकको क्षेत्राधिकार चार मिटर चौडा हुने छ ।

(घ) सहरी सडकको क्षेत्राधिकार सात मीटर चौडा हुने छ ।

(ङ) चक्रपथको क्षेत्राधिकार दश मिटर चौडा हुने छ ।

(२) उपदफा (१) बमोजिमका सडकको कुनै खण्डमा चक्रपथ परेमा चक्रपथ भएको सडक खण्डको क्षेत्राधिकार स्वतः दश मिटर चौडा हुने छ ।

(३) यो ऐन बमोजिम जुनसुकै वर्गिकरणमा परेको सडकको घुम्तीमा थप चालिस प्रतिशत चौडाई वृद्धि गर्नुपर्ने छ ।

(४) उपदफा (१) बमोजिम सडकको नामकरण र क्षेत्राधिकार अनुसूची - १ मा उल्लेख भए बमोजिम हुने छ ।

४. **सडकको फासला :** (१) सडकको क्षेत्राधिकार देहाए बमोजिम छोड्नु पर्ने छ ।

(क) चक्रपथका फासला दुई मिटर ।

(ख) नगरस्तरीय सडकको फासला एक दशमलव पाँच मिटर ।

(ग) सहरी सडकको फासला दुई मिटर ।

(घ) वडास्तरीय सडकको फासला एक दशमलव पाँच मिटर ।

(ङ) टोलस्तरीय सडकको फासला एक दशमलव पाँच मिटर ।

(च) सहायक सडकको फासला एक दशमलव पाँच मिटर ।

(च) गोरेटो बाटोको फासला पाँच फिट ।

(छ) खोला र खोल्सीको प्राकृतिक बहावबाट एक दशमलव पाँच मिटर फासला ।

(ज) राजकुलो तथा कुलोको फासला तीन फिट ।

(२) उपदफा (१) बमोजिम सडकको नामाकरण र फासला अनुसूची - १ मा उल्लेख भए बमोजिम हुने छ ।

५. **धार्मिक तथा सांस्कृतिक क्षेत्रको सडकको क्षेत्राधिकार तथा फासला सम्बन्धी विशेष व्यवस्था :** धार्मिक तथा सांस्कृतिक क्षेत्रको सडकको क्षेत्राधिकार तथा फासला सम्वन्धी व्यवस्था अनुसूची - २ मा उल्लेख भए बमोजिम हुने छ ।

६. **मूख्य सडकको क्षेत्राधिकार र फासला सम्वन्धी विशेष व्यवस्था :** (१) लामोसाँघु - जिरी सडक खण्डमा सडकको क्षेत्राधिकारभन्दा बाहिर दुई मीटर फासला छोड्नु पर्ने छ ।

तर साविकमा २०६१ देखि २०६८ सम्म बनाएका संरचनाका हकमा तीन फिट, २०६९ देखि यो ऐन लागू नहुन्जेलसम्म एक दशमलव पाँच मीटर फासला छाडी नक्सा पास प्रक्रियामा आई वा नआई निर्माणाधीन अवस्थामा रहेका वा बनेका संरचनाको लाग्ने दस्तुरको तेब्बर दस्तुर लिई नक्सा पास गर्न वा निर्माण सम्पन्न दिनमा बाधा पर्ने छैन ।

(२) दोलखा - सिंगटी सडक खण्डमा सडकको क्षेत्राधिकारभन्दा बाहिर दुई मीटर फासला छोड्नु पर्ने छ ।

(३) अनाथालयदेखि तिखातलसम्मको अपर तामाकोशी बाइपास सडकको क्षेत्राधिकार छ मिटर चौडा र फासला दुई मिटर हुने छ ।

**७. व्यावसायिक संरचना निर्माण गर्दा छोड्नु पर्ने फासला सम्वन्धी विशेष व्यवस्था** : यो ऐन बमोजिम जुनसुकै वर्गिकणमा परेको सडक, गल्ली, खोल्साखोल्सी तथा राजकुलो वा कुलोको किनारमा व्यावसायिक प्रयोजनका लागि जस्तोसुकै संरचना निमार्ण गर्दा दुई मिटर फासला छोड्नु पर्ने छ ।

**८. बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड :** (१) कार्यपालिकाले नगरपालिका क्षेत्रभित्र बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी छुट्टै मापदण्ड बनाई लागू गर्न सक्ने छ ।

(२) कार्यपालिकाको सहमति वेगर कसैले पनि जग्गा प्लटिङ गर्न पाउने छैन ।

(३) नगरपालिका क्षेत्रभित्र नक्सापास प्रक्रिया पुरा गरी आवसीय भवन तीन तला र व्यावसायिक भवन पाँच तलासम्म निर्माण गर्न पाईने छ ।

तर कार्यपालिकाबाट पूर्व स्वीकृति लिएर नक्शापास प्रकृया पुरा गरी पाँच तला भन्दा माथिको भवन निर्माण गर्न बाधा पर्ने छैन ।

(४) साँस्कृतिक, धार्मिक एवं पुरातत्विक सम्पदालाई छेक्ने गरी कुनै पनि संरचना निर्माण गर्न पाईने छैन ।

**९. निर्माणमा निषेध गरिएको :** (१) नगर क्षेत्रभित्र व्यक्तिगत, सामुदायिक वा संस्थागत रुपमा कुनै निर्माण गर्नु पर्दा देहायको कार्यलाई गर्न नपाउने गरी निषेध गरिएको छ ।

(क) नक्सापास नगरी कच्ची वा पक्की तथा अस्थायी वा स्थायी कुनै प्रकारको संरचना बनाउन,

(ख) कार्यालयबाट स्वीकृत नक्साभन्दा फरक पारी तला, छत, भऱ्याङ, बलेनी, सटर आदि समेतका संरचना निर्माण गर्न,

(ग) मूल सडकबाट शाखा सडक खोल्दा पानीको निकास वा नाला अवरोध गर्न,

(घ) कार्यालयबाट स्वीकृति नलिई कुनै पनि बाटोको ट्र्याक खोल्न,

(ङ) कार्यालयको स्वीकृतिबेगर सार्वजनिक स्थलमा कुनै प्रकारको संरचना निर्माण गर्न,

(च) कार्यालयको अनुमति नलिई पक्की सडक र ग्राभेल सडकको दायाँ बायाँ घडेरी निर्माण गर्न वा अन्य जुनसुकै प्रयोजनका लागि जग्गा खार्न वा सम्याउन,

(छ) आफ्नो घर कम्पाउन्ड वा पसल अगाडि सार्वजनिक जग्गा वा बाटाको क्षेत्राधिकार रहेको क्षेत्रमा कुनै पनि प्रकारको निर्माण सामग्री वा व्यावसायिक वा अन्य जुनसुकै प्रकृतिका सामग्री राख्न,

(ज) सार्वजनिक जग्गा अतिक्रमण गरी कुनै संरचना निर्माण गरी वा नगरी प्रयोग गर्न ।

(२) उपदफा (१) को खण्ड (च) बमोजिम कार्यालयको अनुमति लिँदा प्राविधिकको निरीक्षण प्रतिवेदन बमोजिम पचास हजार रुपैंयासम्म सम्म धरौटी राख्नुपर्ने छ ।

**१०. पानीको मूल तथा प्राकृतिक स्रोतको स्वामित्व निजी नहुने :** (१) नगरपालिका क्षेत्रभित्र रहेको प्राकृतिक स्रोत र पानीको मूल तथा पानीको जुनसुकै स्रोतमा कसैको निजी स्वामित्व हुने छैन । कसैले पनि यस्ता स्रोतको एकलौटी प्रयोग गर्छु भन्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिम मूल वा अन्य स्रोतबाट प्राप्त पानी आफूलाई चाहिने बाहेक सार्वजनिक प्रयोगका लागि बन्देज गर्न पाइने छैन । पानीको प्रयोग देहायको क्रममा गर्नु पर्ने छ :-

(क) खानेपानीको रुपमा उपयोग गर्न,

(ख) सिंचाईका लागि उपयोग गर्न ।

(३) निजी जग्गा समेतमा रहेको ढुङ्गा, बालुवा तथा अन्य खनिजजन्य प्राकृतिक स्रोत नगरपालिकाको अनुमति बेगर कसैले पनि व्यवसायिक प्रयोजनका लागि उत्खनन गर्न पाउने छैन ।

**११. जथाभावी पार्किङ गर्न, हर्न बजाउन र तीव्र गतिमा सवारी साधन चलाउन नहुने :** (१) नगरपालिका क्षेत्रभित्र तोकिएको स्थानमा बाहेक पार्किङ गर्न पाइने छैन ।

(२) नयाँ बन्ने व्यावसायिक सपिङ मल तथा होटल आदि व्यवसायीहरुले सडकको क्षेत्राधिकार बाहिर पार्किङ गराउने गरी भूमिगत पार्किङ स्थल वा अन्य पार्किङ स्थलको व्यवस्था गर्नुपर्ने छ ।

(३) नगरपालिकाले आवश्यकता हेरी भइरहेका होटल तथा व्यवसायहरुलाई भुइँ तला वा अन्यत्र निजी जग्गामा पार्किङको व्यवस्था मिलाउन आदेश दिन सक्ने छ ।

(४) नगरपालिकाले सशुल्क पार्किङ क्षेत्रको व्यवस्था मिलाउन सक्ने छ ।

(५) नगरपालिका क्षेत्रभित्र अत्यावश्यक अवस्थामा बाहेक हर्न बजाउन पाइने छैन ।

(६) नगरपालिका क्षेत्रभित्र प्रेसर हर्न निषेध गरिएको छ ।

(७) नगरपालिका क्षेत्रभित्र तोकिएको गतिभन्दा बढी गतिमा सवारी साधन चलाउन पाइने छैन ।

**१२. सार्वजनिक स्थलमा धूमपान गर्न नपाइने :** (१) कसैले पनि नगरपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा धूमपान गर्न पाउने छैन ।

(२) धूमपान उपलब्ध गराउने व्यवसायीले सो कार्यका लागि अरुलाई असर नपर्ने गरी अलग्गै धूमपान कक्षको व्यवस्था गर्नुपर्ने छ ।

(३) नगरपालिका क्षेत्रभित्र तोकिएको स्थल र समयभन्दा बाहेक अन्यत्र र अन्य समयमा मदिराजन्य सामग्रीको बिक्री वितरण तथा प्रयोगलाई निषेध गरिएको छ ।

**१३. जथाभावी विज्ञापनजन्य साइनबोर्ड र सामग्री राख्न नपाइने :** (१) नगरपालिका क्षेत्रभित्र तोकिएको मापदण्ड बाहिर रही जथाभावी विज्ञापनजन्य साइनबोर्ड र सामग्री राख्न पाइने छैन ।

(२) विज्ञापनजन्य साइनबोर्ड, फ्लेक्स प्रिन्ट, डिस्प्ले बोर्ड वा अन्य विज्ञापनजन्य सामग्री राख्नु पर्दा बढीमा आफ्नो सटरको वारपार र बढीमा दुई फिट चौडाइ भएको राख्न सकिने छ ।

(३) उपदफा (२) मा उल्लेख भएको भन्दा ठुलो साइजको विज्ञापनजन्य सामग्री राख्नु पर्ने पर्याप्त कारण भएमा नगरपालिकाको अनुमति लिई आवश्यक शुल्क तिरेर राख्न सकिने छ ।

## परिच्छेद ३
## कसुर र दण्ड सजाय

१४. **कसुर र दण्ड सजाय :** (१) यो ऐनबमोजिमको फासला र नगरपालिकाबाट स्वीकृत नक्साभन्दा फरक पारी तला, छत, भऱ्याङ, बलेनी, सटर आदि समेतका संरचना निर्माण गरेमा त्यस्तो अनधिकृत निर्माणलाई प्रमुखले जुनसुकै बखत भत्काउन आदेश दिने छ । आदेशलाई अटेर गरी नभत्काएको खण्डमा प्रमुखले भत्काई हटाउन लागेको खर्चमा पच्चिस प्रतिशत थप गरी सम्वन्धित व्यक्तिबाट असुल उपर गराउने छ ।

(२) मूल सडकबाट शाखा सडकतर्फ व्यक्ति वा उपभोक्ता समितिले कुनै संरचना निर्माण गर्दा वा बाटो खोल्दा सडक र खोला, खोल्सी तथा नाला अवरुद्ध हुने गरी काम गर्न पाईने छैन । यस्तो कार्य गरेको पाइएमा प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित व्यक्ति वा उपभोक्ता समितिलाई सुधार गर्न आदेश दिन सक्ने छ । त्यस्तो आदेशको पालना भएको नपाइएमा प्रमुखले मर्मत सुधार गर्दा लाग्ने खर्च र सो खर्चको थप पच्चिस प्रतिशत जरिवाना सम्बन्धित व्यक्ति वा उपभोक्ता समितिबाट असुल उपर गराउनेछ ।

(३) नगरपालिकाको स्वीकृत बेगर सार्वजनिक स्थल, सडकको दाँया बाँया कुनै पनि संरचना निर्माण गर्न पाइने छैन । त्यसरी निर्माण गरेमा त्यस्तो निर्माण भएको संरचनालाई प्रमुखले जुनसुकै बखत भत्काउन आदेश दिने छ । आदेशलाई अटेर गरी नभत्काएको खण्डमा नगरपालिकाले भत्काई भत्काउँदा र हटाउन लागेको खर्च र सो खर्चको थप पच्चिस प्रतिशत जरिवाना सहित सम्वन्धित व्यक्तिबाट असुल उपर गरिने छ ।

(४) कसैले पनि निजी जग्गा समेतको ढुङ्गा, गिट्टी, बालुवा तथा खानी वा खनिजजन्य सामग्री नगरपालिकाको अनुमति बेगर व्यावसायिक प्रयोजनमा उत्खनन गरेको पाईएमा नगरपालिकाले त्यस्तो सामग्री, सामग्री खनजोत वा ओसारपसार गर्न प्रयोग हुने साधन जफत गरी एक लाख रुपैयाँसम्म जरिवाना गर्न सक्ने छ ।

(५) नगरपालिकाले तोकेको क्षेत्रबाहिर पार्किङ गर्नेलाई नगरपालिकाले दुई सय रुपैयाँदेखि एक हजार रुपैयाँसम्म जरिवाना गर्न सक्ने छ ।

(६) अत्यावश्यक अवस्थामा बाहेक हर्न बजाइएको पाइएमा नगरपालिकाले एक सय रुपैयाँदेखि पाँच सय रुपैयाँसम्म जरिवाना गर्न सक्ने छ ।

(७) कसैले प्रेशर हर्न बजाएको पाइएमा नगरपालिकाले पाँच सय रुपैयाँदेखि एक हजार रुपैयाँसम्म जरिवाना गरी प्रेशर हर्न जफत एवम् नष्ट गर्ने छ ।

(८) कसैले सार्वजनिक स्थलमा धूमपान गरेको पाइएमा नगरपालिकाले पहिलो पटकलाई सम्झाउने बुझाउने, दोस्रो पटकलाई एक सय रुपैयाँ जरिवाना गर्ने र त्यसपछि पटकै पिच्छे एक सय रुपैयाँ थप्दै जाने गरी जरिवाना गर्ने छ ।

(९) यो ऐन प्रारम्भ हुनु अघि कसैले दफा १३ मा तोकेको मापदण्ड प्रतिकूल विज्ञापनजन्य सामग्री राखेको पाइएमा नगरपालिकाले हटाउन आदेश दिने छ । दिएको आदेश अटेर गरेको पाइएमा नगरपालिकाले त्यस्तो विज्ञापनजन्य सामग्री हटाउन लगाई हटाउन लागेको खर्च भराउनुका साथै बढीमा पाँच हजार रुपैयाँसम्म जरिवाना गर्न सक्ने छ ।

(१०) यो ऐन प्रारम्भ भएपश्चात कसैले दफा १३ मा तोकेको मापदण्डबाहिर विज्ञापनजन्य सामग्री राखेको पाइएमा नगरपालिकाले त्यस्तो विज्ञापनजन्य सामग्री हटाउन लगाई हटाउन लागेको खर्च भराउनुका साथै बढीमा पाँच हजार रुपैयाँसम्म जरिवाना गर्न सक्ने छ ।

(११) दफा ८ को उपदफा (२) प्रतिकुल कसैले कार्यपालिकाको स्वीकृति नलिई जग्गा प्लटिङ गरेको पाईएमा नगरपालिकाले एक लाख रुपैंया देखि पाँच लाख सम्म जरिवाना गर्नुको साथै नक्सापासको कार्यलाई रोक लगाउन सक्ने छ ।

(१२) "दफा ९ को उपदफा (२) प्रतिकुल कसैले कार्यालयको अनुमति नलिई पक्की सडक र ग्राभेल सडकको दायाँ बायाँ घडेरी निर्माण गर्न वा अन्य जुनसुकै प्रयोजनका लागि जग्गा खारेको वा सम्याएको पाईएमा प्रमुख प्रशासकीय अधिकृतले त्यसरी खनेर थुप्रिएको ढुङ्गामाटो हटाउन लगाई रु. पच्चीस हजारसम्म जरिवाना गर्न सक्ने छ । त्यसरी दिईएको आदेश बमोजिम खनेर थुप्रिएको ढुङ्गामाटो हटाएको नपाईएमा नगरपालिकाले हटाउन लगाई लागेको खर्चमा पच्चिस प्रतिशत थप गरी सो समेत सम्वन्धित व्यक्तिबाट असुल उपर गराउने छ ।"[1]

## परिच्छेद ४
## विविध

[1] पहिलो संशोधनद्वारा थप

**१५.** नगरपालिककाले निर्माण गरेका सबै प्रकारका सडकहरु र राष्ट्रिय राजमार्गमा व्यक्ति वा सङ्घ वा संस्थाहरुले कुनै प्रकारको भौतिक संरचना निर्माण गर्दा यो ऐनमा व्यवस्था भएको फासला  बाहेक दायाँबायाँ छज्जा राख्न चाहेमा छज्जा बराबरको थप फासला  छोड्नु पर्ने छ ।

**१६.** नगरपालिका क्षेत्रभित्र रहेका सडकहरुको निर्माण, मर्मत सम्भार, विस्तार र स्तरोन्नति तथा खोल्सा-खोल्सी, राजकुलो एवं कुलोको संरक्षणका लागि नगरपालिकाले कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्ने छ ।

**१७.** परम्परागत रुपमा प्रयोग हुँदै आएका चलनचल्तीमा रहेका तर नापी नक्सामा उल्लेख नभएका बाटा तथा गोरेटाहरुलाई औचित्यताका आधारमा नगरपालिकाले कायम गराउनसक्ने छ ।

**१८. अधिकार प्रत्यायोजन :** यस ऐनमा छुट भएका सडक, गल्ली वा कुलाका सम्वन्धमा कार्यपालिकाले निर्णय गरी क्षेत्राधिकार तथा फासला  तोक्न सक्ने छ ।

**१९. खारेजी र बचाउ :** (१) नगरपालिका क्षेत्रभित्र बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी कार्यपालिकाबाट छुट्टै मापदण्ड नबनेसम्मका लागि साविक नगर परिषद्बाट निर्माण भएको मापदण्ड यो ऐनसँग नबाझिएको हदसम्म यसै ऐनबमोजिम निर्माण भएको मानिने छ ।

## अनुसूचि -१

(ऐनको दफा ३ र दफा (४) को उपदफा (२) सँग सम्वन्धित)

### नगर चक्रपथ तथा मुख्य सडकहरु

| क्र.स. | वडा | शुरु बिन्दु | अन्तिम बिन्दु | नामाकरण | सडकको चौडाई | फासला ा | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | आवासीय संरचना | व्यापारिक संरचना |
| १. | १,२,४,५,६,७ | क्षमावती-देउराली-कम्पनी-साखेनी-शेरावेसी वारी-महांकाल-किरातीछाप-जफती गोलाई-ठुलो ढुङ्गा-जिलु-डोक्थली-क्षमावती | | नगर चक्रपथ | १० मी. | २ मी. | २ मी. |
| २. | १,२ | मञ्जु श्री- चाथली- कुसिपा | | मञ्जुश्री मार्ग | १० मी. | १.५ मी. | २ मी. |
| ३. | ३ | साघुँखोला कल्भर्ट | पाखाटोल | पाखाटोल मार्ग | १० मी. | १.५ मी. | २ मी. |
| ४. | ९ | खरिढुङ्गा | डाङडुङे | फिल्मसिटी मार्ग | १० मी. | १.५ मी. | २ मी. |

### सहरी सडक

| क्र.स. | वडा | शुरु बिन्दु | अन्तिम बिन्दु | नामाकरण | सडकको चौडाई | फासला | व्यापारिक प्रयोजनका लागि फासला ा |
|---|---|---|---|---|---|---|---|
| १. | २ | डाङगर | वालकुमारी | बालकुमारी मार्ग | ७ मी. | २ मी. | २ मी. |
| २. | ६ | बिसौना | भ्यु टावर भञ्जाङ | भ्यु टावर मार्ग | ७ मी. | २ मी. | २ मी. |
| ३. | २, ३ र ६ | सातदोबाटो | पाखलती | भीमेश्वर मार्ग | ७.५ मी | २ मी. | २ मी. |

### नगर स्तरीय सडक तर्फ

| क्र.स. | वडा नं | शुरु बिन्दु | अन्तिम बिन्दु | नामाकरण | सडकको चौडाई | फासला ा | व्यापारिक प्रयोजनका लागि फासला ा |
|---|---|---|---|---|---|---|---|
| १. | | क्षमावती मा.वि. | भिमसेनथान सुन्द्रावती | पानीपोखरी मार्ग | ७ मी. | १.५ मी. | २ मी. |
| २. | | पानीघाट | चौघरा सुनखानी सडक | पिपलडाँडा मार्ग | ७ मी. | १.५ मी. | २ मी. |
| १. | २ | सिंहवन घुम्ती | नामकाई मदउ | राईति मार्ग | ६ मी. | १.५ मी. | २ मी. |
| २. | २ | माथिल्लो तामाकोशी सडक | नागदह | नागदह मार्ग | ७ मी. | १.५ मी. | २ मी. |
| १. | ३ | बाँसभ्फाङ | लप्टनको चौतारो | लप्टनको चौतारो मार्ग | ७ मी. | १.५ मी. | २ मी. |
| २. | | देउराली स्वामीको रुख | सिंहबन | सिंहबन मार्ग | ७ मी. | १.५ मी. | २ मी. |
| ३. | | डिभिजन सडक | बाँसभ्फाङ | गौरीशंकर मार्ग | ७ मी. | १.५ मी. | २ मी. |
| १. | ४ | पिपलबोट | कृष्णहरे | चेतनशिल मार्ग | ७ मी. | १.५ मी. | २ मी. |
| २. | | पिपलबोट | मिलघुम्ती | संगम मार्ग | ७ मी. | १.५ मी. | २ मी. |
| ३. | | वलीश्वारा | डाँडागाउँ | सम्वृद्ध मार्ग | ७ मी. | १.५ मी. | २ मी. |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४. | | मोहरिया | महाँकाल | बृन्दा बन मार्ग | ७ मी. | १.५ मी. | २ मी. |
| ५. | | डिही | तामाकोसी | सालिकराम मार्ग | ७ मी. | १.५ मी. | २ मी. |
| ६. | | ज्यामिरे | पिप्ले | टहले मार्ग | ५ मी. | १.५ मी. | २ मी. |
| ७. | | भटमासे जिलु | कृष्णहरे | जिलु मार्ग | ७ मी. | १.५ मी. | २ मी. |
| १. | ५ | वालगृह | महांकाल | महांकाली मार्ग | ८ मी. | १.५ मी. | २ मी. |
| २. | | वालगृह | गाईघाट | चर्णावती मार्ग | ७ मी. | १.५ मी. | २ मी. |
| ३. | | कमिनचौर | मिलघुम्ती | महेन्द्रद्वय मार्ग | ७ मी. | १.५ मी. | २ मी. |
| ४. | | मिलघुम्ती | घोक्सिला | कमलामाई मार्ग | ८ मी. | १.५ मी. | २ मी. |
| ५. | | पयौश्वारा | जमजुक्ता | प्रतिभा मार्ग | ७ मी. | १.५ मी. | २ मी. |
| ६. | | पात्लाधारा | चौतारो दोभान | विष्णु पादुका मार्ग | ७ मी. | १.५ मी. | २ मी. |
| १. | ६ | च्याँनडाँडा | देउराली | पर्यटकीय मार्ग | ८ मी. | १.५ मी. | २ मी. |
| २. | | चरिकोट | कालिञ्चोक कुरी | कालिञ्चोक मार्ग | ८ मी. | १.५ मी. | २ मी. |
| ३. | | पाटीखोला | सेरा | उखुबारी मार्ग | ७ मी. | १.५ मी. | २ मी. |
| ४. | | घ्यावापानी | सेरा | मदन आश्रित मार्ग | ७ मी. | १.५ मी. | २ मी. |
| १. | ९ | घ्यावापानी सेरा | बाघखोर | मदन आश्रित मार्ग | ७ मी. | १.५ मी. | २ मी. |
| २. | | जसमन्ते डडुवा | | चन्दन मार्ग | ५ मी. | १.५ मी. | २ मी. |

**वडास्तरीय सडक**

| क्र.स. | वडा नं | शुरु बिन्दु | अन्तिम बिन्दु | नामाकरण | सडकको चौडाई | फासला | व्यापारिक प्रयोजनका लागि फासला |
|---|---|---|---|---|---|---|---|
| १. | १ | भुमेथान | रामेडाँडा सडक | भुमेथान | ५ मी. | १.५ मी. | २ मी. |
| २. | | रामेडाँडा | गुम्फुर सडक | रिखीपोले सेतीदेवी मार्ग | ५ मी. | १.५ मी. | २ मी. |
| ३. | | तिनधारा | संग्रहालय सडक | तिलक पाखरी मार्ग | ५ मी. | १.५ मी. | २ मी. |
| ४. | | देउराली | फलाटे सडक | फलाटे मार्ग | ५ मी. | १.५ मी. | २ मी. |
| ५. | | गैरागाँउ | डाँडागाउँ | डाँडागाउँ मार्ग | ५ मी. | १.५ मी. | २ मी. |
| १. | २ | पाखाटोल | गोलेगाउँ ( मञ्जुश्री) | तिलिञ्चो मार्ग | ६ मी. | १.५ मी. | २ मी. |
| २. | | डुडटी | सियौंडाँडा | तुतुरवती मार्ग | ५ मी. | १.५ मी. | २ मी. |
| ३. | | दिलढुङ्गा/स्वाक्लो | खेलाप/तामाकोशी | तमाकोशी दिप मार्ग | ५ मी. | १.५ मी. | २ मी. |
| ४. | | दुडटी/तिखातल घुम्ती | नारायण देउ | नारायण देउ मार्ग क | ५ मी. | १.५ मी. | २ मी. |
| ५. | | दिलढुंङ्गा दाहालगाउँ हुदै | माथिल्लो तामाकोशी सडक सम्म | त्रिपुरासुन्दरी मार्ग | ५ मी. | १.५ मी. | २ मी. |
| ६. | | पाखलती | मञ्जु श्री | मञ्जुश्री मार्ग | ५ मी. | १.५ मी. | २ मी. |
| ७. | | पाखलती, माथिल्लो तामाकोशी सडक | भीमेश्वर | भीमेश्वर मार्ग | ५ मी. | १.५ मी. | २ मी. |
| १. | ३ | नागी धारा/राउत गाउँ | नारायण देउ | नारायण देउ मार्ग ख | ५ मी. | १.५ मी. | २ मी. |
| २. | | नागी धारा खैदल | सहर्पा | नागी स्वामी रुख मार्ग | ५ मी. | १.५ मी. | २ मी. |
| ३. | | नागी, माथिल्लो थापा गाउँ | बाँसभ्फाङ | तार्थली मार्ग | ५ मी. | १.५ मी. | २ मी. |
| ४. | | भालुखोला पुरानो बजार | दोलखा जाने सडक | टुटेपानी मार्ग | ५ मी. | १.५ मी. | २ मी. |
| ५. | | पुरानो बजार | तार्थली | पुरानो बजार मार्ग | ५ मी. | १.५ मी. | २ मी. |
| ६. | | क्याम्पस | गोलेगाउँ | दर्फे देवी मार्ग | ६ मी. | १.५ मी. | २ मी. |
| ७. | | सनराईज टोल | | सनराईज मार्ग | ५ मी. | १.५ मी. | २ मी. |
| ८. | | देउराली | सहर्पा | सहर्पा मार्ग | ५ मी. | १.५ मी. | २ मी. |
| ९. | | सातदोवाटो | चरिघ्याङ | चरिघ्याङ मार्ग | ६ मी. | १.५ मी. | २ मी. |
| १०. | | सातदोवाटो | ढाँडखर्क | आर्दश मार्ग | ५ मी. | १.५ मी. | २ मी. |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११. | | चरिघ्याङ | बालगृह | गुम्बा मार्ग | ५ मी. | १.५ मी. | २ मी. |
| १२. | | खैदल | फाँचबु खर्दी | लप्सीकोटे मार्ग | ५ मी. | १.५ मी. | २ मी. |
| १३. | | देउराली बहिरा स्कुल | | देउराली पथ | ५ मी. | १.५ मी. | २ मी. |
| १. | ४ | गोबर्धन | सापकोटा | गोबर्धन मार्ग | ५ मी. | १.५ मी. | २ मी. |
| २. | | ईको पार्क | सार्कीश्वारा | ईकोपार्क मार्ग | ५ मी. | १.५ मी. | २ मी. |
| ३. | | ढाँडघर | सापकोटा | रुमाल क्षेत्र मार्ग | ५ मी. | १.५ मी. | २ मी. |
| ४. | | नागस्थान | देउराली | देउराली मार्ग | ५ मी. | १.५ मी. | २ मी. |
| ५. | | डबली | टहले | जलेश्वर मार्ग | ५ मी. | १.५ मी. | २ मी. |
| ६. | | डाँडाबारी | फसीभै | नमुना मार्ग | ६ मी. | १.५ मी. | २ मी. |
| ७. | | कुलथान | तिखेढुंगा | प्रसिद्ध मार्ग | ५ मी. | १.५ मी. | २ मी. |
| ८. | | पुरानो चौर | भटमासे | सुविधा मार्ग | ५ मी. | १.५ मी. | २ मी. |
| १. | ५ | कमिनचौर | हलढुङ्गा | सुन्दरीमाई मार्ग | ५ मी. | १.५ मी. | २ मी. |
| २ | | बाघखोर | भोगटेघारी | किराँत मार्ग | ५ मी. | १.५ मी. | २ मी. |
| ३ | | जयलेडाँडा | मेलको रुख | जुगल मार्ग | ५ मी. | १.५ मी. | २ मी. |
| ४ | | ७० गोलाई | कात्तिके | कालीदेवी मार्ग | ५ मी. | १.५ मी. | २ मी. |
| ५ | | डगल्पु | पिपलबोट | पिपल मार्ग | ५ मी. | १.५ मी. | २ मी. |
| ६ | | बरको रुख | बाँझोगरा | संसारी मार्ग | ५ मी. | १.५ मी. | २ मी. |
| ७ | | करङ्गे | डाँडागाउँ | मिलनचोक मार्ग | ५ मी. | १.५ मी. | २ मी. |
| ८ | | ओलीगाउँ | च्याँसे | लालीगुँरास | ५ मी. | १.५ मी. | २ मी. |
| १ | ६ | सातदोबाटो | चिम्सेगाडे | जानकी मार्ग | ५ मी. | १.५ मी. | २ मी. |
| २ | | महादेवस्थान | गाँउखेत | लट्टेश्वर मार्ग | ५ मी. | १.५ मी. | २ मी. |
| ३ | | बिसाउने | सुईरे | शिखर मार्ग | ५ मी. | १.५ मी. | २ मी. |
| ४ | | मैदाने | बिसौना | मैदान मार्ग | ५ मी. | १.५ मी. | २ मी. |
| ५ | | वडारे | बिमिरे | बिमिरे मार्ग | ५ मी. | १.५ मी. | २ मी. |
| ६ | | पाटीखोला | नापीचोक | मानेडाँडा मार्ग | ५ मी. | १.५ मी. | २ मी. |
| १ | ७ | दामुना | सिंहराम | सिंहराम मार्ग | ६ मी. | १.५ मी. | २ मी. |
| २ | | दामुना | मानेटार | गुम्वामाने मार्ग | ५ मी. | १.५ मी. | २ मी. |
| ३ | | देउरालीडाँडा | डिही | गग्रेनी मार्ग | ५ मी. | १.५ मी. | २ मी. |
| ४ | | संसारीडाँडा | सिंहराम | पुरानोगाँउ मार्ग | ६ मी. | १.५ मी. | २ मी. |
| ५ | | पोखरी | अर्गेली | पात्ले घडेरी मार्ग | ५ मी. | १.५ मी. | २ मी. |
| ६ | | सिमटोल | रानीपोखरी | रानीपोखरी मार्ग | ६ मी. | १.५ मी. | २ मी. |
| ७ | | सिमटोल | मानेटार | चरिटोल मार्ग | ५ मी. | १.५ मी. | २ मी. |
| ८ | | भुलभुले | स्वास्थ्य चौकी | भुलभुले मार्ग | ५ मी. | १.५ मी. | २ मी. |
| ९ | | बाहुनीखोला | लिस्ने | लिस्ने मार्ग | ५ मी. | १.५ मी. | २ मी. |
| १० | | माझगाँउ | कुप्री | विसमुरे सडक | ५ मी. | १.५ मी. | २ मी. |
| १ | ८ | गाम्नागी | भित्तेरी चौर | कालिञ्चोक मार्ग | ६ मी. | १.५ मी. | २ मी. |
| २ | | ठुलीनागी | पोखरे | हात्तीछहरा मार्ग | ६ मी. | १.५ मी. | २ मी. |
| ३ | | चर्नावती पुल | बेशीघर | चर्नावती मार्ग | ५ मी. | १.५ मी. | २ मी. |
| ४ | | बोच कृषि बजार | प्रसातेडाँडा | कृषि मार्ग | ५ मी. | १.५ मी. | २ मी. |
| ५ | | झिँगान | खानीडाँडा | हिमाली मार्ग | ५ मी. | १.५ मी. | २ मी. |
| ६ | | गाम्नागी | पात्लेखोला | गुम्बा मार्ग | ६ मी. | १.५ मी. | २ मी. |
| ७ | | चर्नावती पुल | सुनखानी | पिपलबोट मार्ग | ५ मी. | १.५ मी. | २ मी. |
| ८ | | कोल्डस्टोर भवन | भाँगे | सित भण्डार मार्ग | ५ मी. | १.५ मी. | २ मी. |
| १ | ९ | यानमारा स्याँसी | सुर्के | सुर्के मार्ग | ६ मी. | १.५ मी. | २ मी. |
| २ | | अंगेरीडाँडा | डाँडागाँउ टापु | मनमोहन मार्ग | ६ मी. | १.५ मी. | २ मी. |
| ३ | | एक्लेचौर | सुर्के | सेतीचन्द्र भुमे मार्ग | ५ मी. | १.५ मी. | २ मी. |
| ४ | | धोत्रे | झिंगान | लालीगुराँस मार्ग | ६ मी. | १.५ मी. | २ मी. |
| ५ | | कालीदेवी | स्वारा | कालीदेवी मार्ग | ६ मी. | १.५ मी. | २ मी. |
| ६ | | पिडालुबारी | सुर्के | मितेरी मार्ग | ६ मी. | १.५ मी. | २ मी. |
| ७ | | झाक्रीचौर | जसमन्ते | सफल मार्ग | ५ मी. | १.५ मी. | २ मी. |
| ८ | | फुलवारीघुम्ती | दोबाटे | वुद्ध मार्ग | ५ मी. | १.५ मी. | २ मी. |
| ९ | | थामीचौतरा | चौलागाँई | सितल मार्ग | ६ मी. | १.५ मी. | २ मी. |
| १० | | पानीको मुल | भण्डारे | भण्डारे मार्ग | ६ मी. | १.५ मी. | २ मी. |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११ | | भित्तरी | ठाडो चौर | शान्ति मार्ग | ६ मी. | १.५ मी. | २ मी. |
| १२ | | ठुलोचौर | चित्रे | महादेव मार्ग | ५ मी. | १.५ मी. | २ मी. |
| १३ | | आहालडाँडा | गोपालखोरिया | शिव मार्ग | ५ मी. | १.५ मी. | २ मी. |
| १४ | | क्याङथली | टापु | विश्राम मार्ग | ६ मी. | १.५ मी. | २ मी. |
| १५ | | स्याँसी | सुलसिङ | लाकुरी मार्ग | ६ मी. | १.५ मी. | २ मी. |

**बस्तीस्तरको सडक**

| क्र.स. | वडा | शुरु बिन्दु | अन्तिम बिन्दु | नामाकरण | सडकको चौडाई | फासला । | व्यापारिक प्रयोजनका लागि फासला । |
|---|---|---|---|---|---|---|---|
| १. | १ | बगर खोला | मसानडाँडा सडक | पहो मार्ग | ४ मी. | १.५ मी. | २ मी. |
| २. | | भुईमाल | ठाङठाङ सडक | डाँडापोक मार्ग | ४ मी. | १.५ मी. | २ मी. |
| ३. | | टोपर | फेदी सडक | फेदी मार्ग | ४ मी. | १.५ मी. | २ मी. |
| ४. | | पानीघाट | दखरा सडक | लाकुरीडाँडा मार्ग | ४ मी. | १.५ मी. | २ मी. |
| १. | २ | सिंहवन/डोक्छे | डोवटा | सिंहवन मार्ग | ४ मी. | १.५ मी. | २ मी. |
| २. | | कान्जि हाउस | पिंगल महादेव | तलेजु मार्ग | ४ मी. | १.५ मी. | २ मी. |
| ३. | | कान्जि हाउस | टासिचा | भैरवकुमारी मार्ग | ४ मी. | १.५ मी. | २ मी. |
| ४. | | वतासे पाटि | नसु | टक्सार मार्ग | ४ मी. | १.५ मी. | २ मी. |
| १. | ४ | पेट्रोल पम्प | पुरानौचौर | एकान्त मार्ग | ४ मी. | १.५ मी. | २ मी. |
| २. | | डाँडाको होटल | देउराली | सुन्दर मार्ग | ४ मी. | १.५ मी. | २ मी. |
| ३. | | देउराली | अपर सडक | प्रगति मार्ग | ४ मी. | १.५ मी. | २ मी. |
| ४. | | आखरेनी | काँडाघाडी | श्रृजना मार्ग | ४ मी. | १.५ मी. | २ मी. |
| ५. | | पाघाको घर | सर्व मा.वि. | शिक्षा मार्ग | ४ मी. | १.५ मी. | २ मी. |
| ६. | | डाँडागाउ | वडा कार्यालय | जनसेवा मार्ग | ४ मी. | १.५ मी. | २ मी. |
| ७. | | घोगेडी | कोले | कालीनाग मार्ग | ४ मी. | १.५ मी. | २ मी. |
| ८. | | गोर्बधन | स्वारा | शान्तीमार्ग | ४ मी. | १.५ मी. | २ मी. |
| १. | ५ | बाँसस्थान | स्वाँरा | नागथान मार्ग | ४ मी. | १.५ मी. | २ मी. |
| २. | | मिलघुम्ती | जम्जुत्ता | आँकुरा मार्ग | ४ मी. | १.५ मी. | २ मी. |
| ३. | | बिरुवा | भुजुल्टो | सालघारी मार्ग | ४ मी. | १.५ मी. | २ मी. |
| ४. | | भस्मे | ओखरबोट | सुन्दरीजल मार्ग | ४ मी. | १.५ मी. | २ मी. |
| ५. | | मथानी | थापाटोल | बर पिपल मार्ग | ४ मी. | १.५ मी. | २ मी. |
| ६. | | देवीथान | ढुङ्गे सागु | देवीथान मार्ग | ४ मी. | १.५ मी. | २ मी. |
| ७. | | सुनखानीडाँडा | आरुचौर | बिचौर मार्ग | ४ मी. | १.५ मी. | २ मी. |
| ८. | | फलाटे | कैजलधारा | गैरीचोक मार्ग | ४ मी. | १.५ मी. | २ मी. |
| १. | ६ | चितामथली | तिनधारा | तिनधारा मार्ग | ४ मी. | १.५ मी. | २ मी. |
| २ | | महादेवस्थान | फुलबारी | जलेश्वर मार्ग | ४ मी. | १.५ मी. | २ मी. |
| ३ | | रामजानकी | सिंगटेचौर | हरियाली मार्ग | ४ मी. | १.५ मी. | २ मी. |
| ४ | | रमिते | च्यातखोर | रमिते मार्ग | ४ मी. | १.५ मी. | २ मी. |
| ५ | | सुर्योद्वय चोक | देवीथान | शिखर मार्ग | ४ मी. | १.५ मी. | २ मी. |
| ६ | | पाटीखोला | सिमपानी | सरस्वती मार्ग | ४ मी. | १.५ मी. | २ मी. |
| ७ | | पाटीखोला | सल्लेस्वारा | च्छो-रोल्पा मार्ग | ४ मी. | १.५ मी. | २ मी. |
| ८ | | साउनेपानी | सिमपानी पोखरी | सिमपानी मार्ग | ४ मी. | १.५ मी. | २ मी. |
| ९ | | सातदोबाटो | मानेडाँडा | श्रृजना मार्ग | ४ मी. | १.५ मी. | २ मी. |
| १० | | बिसौना | घंगारे देवीथान | देवीथान मार्ग | ४ मी. | १.५ मी. | २ मी. |
| ११ | | मानेडाँडा | मिलिजुली | बुद्धचोक मार्ग | ४ मी. | १.५ मी. | २ मी. |
| १२ | | बिसौना | बालबिकास | बालबिकास मार्ग | ४ मी. | १.५ मी. | २ मी. |
| १३ | | भुलभुले | बुद्धिमान प्रतिष्ठान | बुद्धिमान मार्ग | ४ मी. | १.५ मी. | २ मी. |
| १. | ७ | गैरीगाँउ | भीरमुनी | गैरीगाँउ मार्ग | ४ मी. | १.५ मी. | २ मी. |
| २. | | सानो कुप्री | तिनखले-सेरा | नगर चक्रपथ | ४ मी. | १.५ मी. | २ मी. |
| ३. | | उखुबारी | जैरुम्टा | जैरुम्टा मार्ग | ४ मी. | १.५ मी. | २ मी. |
| ४. | | देवचौर | कोले | कोले मार्ग | ४ मी. | १.५ मी. | २ मी. |
| ५. | | कुप्री ग्रामीण सडक | | कुप्री मार्ग | ४ मी. | १.५ मी. | २ मी. |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | कम्पनी | मानेटार | कुटीडाँडा मार्ग | ४ मी. | १.५ मी. | २ मी. |

**टोलस्तरीय सडक**

| क.स. | वडा | शुरु बिन्दु | अन्तिम बिन्दु | नामाकरण | सडकको चौडाई | फासला । | व्यापारिक प्रयोजनका लागि फासला । |
|---|---|---|---|---|---|---|---|
| १. | २ | छेरप्वाले - करण्डी | नारायणदेउ | नारायणदेउ मार्ग | ३ मी. | १.५ मी. | २ मी. |
| २. | | सिंहवन - डांगर | करण्डी | करण्डी मार्ग | ३ मी. | १.५ मी. | २ मी. |
| ३. | | डुङ्गटी माने | सियौडाँडा | सियौडाँडा मार्ग | ३ मी. | १.५ मी. | २ मी. |
| ४. | | वि.क.टोल | वगाडि टोल | वगाडि मार्ग | ३ मी. | १.५ मी. | २ मी. |
| १. | ५ | पदेली | बुढाभिमसेनथान | बुढाभिमसेन मार्ग | ३ मी. | १.५ मी. | २ मी. |
| २. | | टायलघुम्ती | बुढाभिमसेन मा.वि. | टायल मार्ग | ३ मी. | १.५ मी. | २ मी. |
| ३. | | मथानी | मथानी | सरस्वती मार्ग | ३ मी. | १.५ मी. | २ मी. |
| ४. | | धनपाते | भिरमुनी | गोल्मेश्वर मार्ग | ३ मी. | १.५ मी. | २ मी. |
| ५. | | गैरागाउँ | नास्पती | रमिते मार्ग | ३ मी. | १.५ मी. | २ मी. |
| १ | ६ | सातदोबाटो | शान्तिनगर | शान्तिनगर मार्ग | ३ मी. | १.५ मी. | २ मी. |
| २ | | पाटीखोला | अल्पाईन | अल्पाईन मार्ग | ३ मी. | १.५ मी. | २ मी. |

**गोरेटो बाटो**

| क.स. | वडा नं | शुरु बिन्दु | अन्तिम बिन्दु | नामाकरण | फासला । |
|---|---|---|---|---|---|
| १. | २ | बज्र योगिनी | मञ्जु श्री | वज्रयोगिनी मार्ग | ५ फिट |
| २. | | फोप्सति | राम्पा डोक्थली | चिसापानी मार्ग | ५ फिट |
| ३. | | दुङ्गल | सेडकुचा | टुटेपानी मार्ग | ५ फिट |
| ४. | | नितपुल | घुमडाँडा तामाकोशी | तामाकोशी मार्ग | ५ फिट |
| ५. | | पुखुर्चा (भीमेश्वर बाटो) | मञ्जु श्री | त्रिशुल्या मार्ग | ५ फिट |
| ६. | | त्रिपुरासुन्दरी/वाराणसी | चम्पुजा/वाराणसी | वाराणसी मार्ग | ५ फिट |
| ७. | | वडरको रुख | दिलढुङ्गा | सिरिन्चि मार्ग | ५ फिट |
| ८. | | दिलढुंगा | खेलाप | मार्वु बेसी मार्ग | ५ फिट |
| ९. | | दिलढुंगा | वलीगाउँ | ओडारे मार्ग | ५ फिट |
| १०. | | वच्चा | मुठुले/तल्लो चक्पा | मतान्दिलो | ५ फिट |
| ११. | | मरेङखोला | एस्वारा खोल्सा | बगैचा मार्ग | ५ फिट |
| १२. | | एस्वारा | दोल्तीखोला | दोल्ती मार्ग | ५ फिट |
| १३. | | डाँडागाउँ | स्वाक्लो | माई मन्दिर मार्ग | ५ फिट |
| १४. | | नेगल | स्वाक्लो | विगुल मार्ग | ५ फिट |
| १५. | | तिखातल पहिलो घुम्ति | माथि | लालीगुरास मार्ग | ५ फिट |
| १६. | | तिखातल ठुलो ढुङ्गा | माथि | हाँसगल मार्ग | ५ फिट |
| १७. | | घुम्तीबाट | तिखातल विद्यालय मुनि | वागेश्वरी मार्ग | ५ फिट |
| १८. | | करण्डि | साउनेपानी | गौरव मार्ग | ५ फिट |
| १९. | | पानीडुङ्गा | पोले टोल लाम्पाता | रिजलवारी मार्ग | ५ फिट |
| २०. | | तिखातल राउत घर | माथि | भेडबुले मार्ग | ५ फिट |
| २१. | | छात्रावास | सियौडाँडा | सुन्टोपर मार्ग | ५ फिट |
| २२. | | भीमेश्वर/त्रिपुरासुन्दरी | फोप्सती | त्रिपुरासुन्दरी मार्ग | ५ फिट |
| २३. | | सामूदायिक भवन | पुकुर्चा | कालिमन्दिर मार्ग | ५ फिट |
| २४. | | छोपती | ट्वापर | छोपती मार्ग | ५ फिट |

## अनुसूची २[2]

(ऐनका दफा (५) सँग सम्वन्धित)

**१. मूख्य सडक**

क) पाखलती देखि भीमेश्वर मन्दिर जाने पिच सडक, चौडाई ४ मीटर ,फासला ५ फीट

ख) तिनधारा-नक्छे पिङ्गल त्रिपुरा सुन्दरी सडक, साविक चौडाई, फासला २ फिट

ग) तिनधारा कोर्छे टासिचा सडक, साविक चौडाई, फासला २ फिट

घ) टासिचा देखि लिसटोल सिडी बाटो, साविक चौडाई, फासला २ फिट

ङ) पाखलती डोक्छे दोबाटो ढुङ्गा छाप्ने बाटो, साविक चौडाई, फासला ५ फिट

ङ१) डोक्छे दोबाटो देखि भीमेश्वर मन्दिर जाने बाटो, साविक चौडाई, फासला २ फिट

च) बतासे पाटी नसुसम्मको बाटो, साविक चौडाई, फासला २ फिट

छ) तीनधारा गणेश मन्दिर दोबाटो डोक्छे सडक, साविक चौडाई, फासला २ फिट

ज) कोर्छे बगर्छे डोकलुङ्गा बतासे बाटो, साविक चौडाई, फासला २ फिट

झ) सिंहवन पलाचुटी डोक्छे सडक, चौडा ३ मी, फासला ३ फिट

**२. सहायकमार्ग (गल्ली)**

क) नसु लिसटोल बिहारछे नक्सामा भएको बाहेक २ फीट फासला

ख) डुङ्गल दोबाटो वतिचा नक्सामा भएको बाहेक २ फीट फासला

ग) नक्सामा देखाईएका सबै सहायक मार्ग (गल्ली) हरुको बाहेक २ फीट फासला

**३. गोरेटो बाटो**

| क.स. | वडा नं | शुरु बिन्दु | अन्तिम बिन्दु | नामाकरण | फासला |
|---|---|---|---|---|---|
| १. | २ | कोर्छे डोकुलुङ्गा | वतासेपाटी | मछिन्द्र मार्ग | २ फिट |
| २. | | ईन्द्र सिं देव पार्क | तारी गाउँ राईती | गणेश देउ मार्ग | २ फिट |
| ३. | | तारीगाउँ | वगरछे | थाँ छे मार्ग | २ फिट |
| ४. | | थारकोट/तारीगाउँ | डोकुलुङ्गा/पाल्चोटी | नारान्चा मार्ग | २ फिट |
| ५. | | लिस्टोल/काँचाति | नसु | रानीकुवाँ मार्ग | २ फिट |
| ६. | | ढुंङ्गेश्वर महादेव | पिंगल महादेव | ढुंङ्गेश्वर मार्ग | २ फिट |

**४.** दोलखा सम्पदा बस्तीमा भवन निर्माण गर्दा झ्याल ढोका राख्नु परेमा सँधियारतर्फ कम्तीमा तीन फिट फासला छोड्नुपर्ने छ ।[3]

[2] पहिलो संशोधनद्वारा संशोधित
[3] पहिलो संशोधनद्वारा थप